कृष्णपुर नगरपालिकाको

# कृष्णपुर नगरपालिका उपभोक्ता समिति दर्ता,नवीकरण ,नियमन  एवम्  खारेजी सम्बन्धी कार्यविधि, २०८३

**कृष्णपुर नगरपालिका,नगरकार्यपालिकाको बैठकवाट पारित मिति :२०८३ /०६ /०९**

प्रमाणीकरण मिति : **२०८३ /०६ /०९**

कृष्णपुर नगरपालिका

नगरकार्यपलिकाको कार्यालय,

गुलरिया,कंचनपुर

२०८३

कृष्णपुर नगरपालिकामा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने योजना/आयोजना/परियोजना/कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनका लागि र सार्वजनिक खरिद नियमावली,२०६४ (सोह्रौ संशोधन सहित)को नियम ९७ को प्रावधान कार्यान्वयनका लागि उपभोक्ता समितिहरूको दर्ता, नवीकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ एवं कृष्णपुर नगरपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम: कृष्णपुर नगरपालिका उपभोक्ता समिति दर्ता,नवीकरण ,नियमन एवम् खारेजी सम्बन्धी कार्यविधि, २०८३ रहनेछ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिवाट प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ख) "आयोजना" भन्नाले संघीय सरकार ,प्रदेश सरकार तथा कृष्णपुर नगरपालिका वा सो अन्तर्गतको वडाको पूर्ण वा आंशिक लागत साझेदारिमा संचालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजना लाइ सम्झनु पर्छ र यसले कृष्णपुर नगरसभाबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था ,गैर नाफामुलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण,सञ्चालन,व्वस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको आयोजना संग सम्बन्धित समितिलाई जनाउनेछ ।यस शब्दले स्थानीय तहको कार्यपालिकाबाट उपभोक्ता समितिको काम गर्ने सम्बन्धमा निर्णय भए बमोजिमका टोल बिकास संस्था,कानून बमोजिम दर्ता भएका विभिन्न संरक्षण समिति र व्यवस्थापन समिति वा त्यस्तै प्रकृतिका समितिलाई समेत जनाउछ।

(ङ) "नगरपालिका" भन्नाले कृष्णपुर नगरपालिकालाई जनाउनेछ।

(च)"ठूला मेशिनरी तथा उपकरण" भन्नाले ठूला मेशिनरी उपकरणहरु जस्तै-बुलडोजर,एक्साभेटर,व्याकहो लोडर ,रोलर जस्ता श्रममूलक प्रविधिलाई विस्थापन गर्ने खालका उपकरणलाई जनाउनेछ ।

(छ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवम् मर्मत सम्भार गर्नको लागि

कार्यालय र उपभोक्ता समिति विच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ।

(ज) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई जनाउनेछ । सो शब्दले वडा सचिव र नगरकार्यपालिकाको कार्यालयमा संघ संस्था दर्ता गर्ने अधिकृत समेतलाई जनाउँनेछ ।

३. उपभोक्ता समिति दर्ता गर्नुपर्नेः

(१) प्रचलित कानून बमोजिम नगरपालिका क्षेत्रभित्र सञ्चालनहुने संघीय, प्रदेश तथा नगरपालिका अन्तर्गत आयोजनाको कार्यान्वयनका लागि कृष्णपुर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धि कार्यविधि २०७४ अनुसार गठन भएका उपभोक्ता समिति दर्ता गर्न देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा दर्ताको लागि निवेदन दिनुपर्नेछ ।

(क) दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,

(ख) वडाका जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा वसेको आमभेलाको निर्णय प्रतिलिपि,

(ग) कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,

(घ) अनुसूची-५ बमोजिमको ढाँचामा दुई प्रति विधान।

(ङ) उपभोक्ता समितिको नामावली उल्लेख भएको सम्वन्धित वडाको सिफारीस ।

(च ) अनुसूची ३ बमोजिम दर्ता दस्तुर तिरेको रसिद को प्रतिलिपि।

(२) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ।

(३)वडा स्तरीय आयोजनाहरुको उपभोक्ता समितिहरुको हकमा वडा कार्यालयहरुले नै दर्ता गर्नु पर्नेछ। वडा स्तरमा दर्ता अधिकारी वडा सचिव हुने छ।यसरी वडा कार्यालयमा दर्ता भएका उपभोक्ता समितिहरुको अध्यावधिक विवरण वडा कार्यालयहरुले मासिक रुपमा नगरपालिका कार्यालयमा पठाउनु पर्ने छ।

**४.** दर्ता नम्बर उपलब्ध गराउनुपर्नेः

दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ।

**५.** उपभोक्ता समिति नवीकरण सम्वन्धी व्यवस्थाः

(१) कृष्णपुर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धि कार्यविधि २०७४ बमोजिम गठन भै यस कार्यविधि बमोजिम दर्ता भएका उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको अवस्थामा निरन्तर रहिरहन नियमित रुपमा साधारण सभा र सार्वजनिक सुनुवाई गरि नवीकरण गर्नु पर्ने छ ।

(२)वडा स्तरीय आयोजनाहरुको उपभोक्ता समितिको हकमा वडा कार्यालयमै नवीकरण गर्नु पर्ने छ ।

(३)नवीकरणका लागि सम्बन्धित वडाको जनप्रतिनिधि वा कर्मचारीको उपस्थितिमा,सम्बन्धित उपभोक्ताहरुको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनुपर्ने छ ।

(४)उपभोक्ता समिति निरन्तरता दिने वा नदिने बिषयमा सम्बन्धित उपभोक्ता समितिले आर्थिक बर्ष समाप्त भएको सामान्यतया प्रथम त्रैमासिक भित्र निर्णय गरि सक्नु पर्ने छ ।

(५)यस कार्यविधि बमोजिम दर्ता भएका उपभोक्ता समिति नवीकरण गर्न देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा नवीकरणका लागि निवेदन दिनुपर्नेछ ।

(क) साधारण सभा माइन्युट र सार्वजनिक सुनुवाईको माइन्युटको प्रमाणित प्रतिलिपिहरु ।

(ख) अनुसूची ३ बमोजिम नवीकरण दस्तुर वा बिलम्ब भएको भए बिलम्ब दस्तुर सहित नवीकरण दस्तुर तिरेको रसिदको प्रतिलिपि।

(६) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको नवीकरण गरिदिने छ ।

६. उपभोक्ता समितिको दर्ता खारेजी :

(१)सम्झौता भए बमोजिमको आयोजना सम्पन्न भए पश्चात आम भेलाको दर्ता खारेज सम्वन्धी निर्णयको प्रमाणित प्रतिलिपि,दर्ता खारेजी सम्वन्धी उपभोक्ता समितिको निर्णयको प्रमाणित प्रतिलिपि तथा वडा कार्यालयको दर्ता खारेजी सम्बन्धि सिफारिस पत्र बमोजिम दर्ता अधिकारीले आवश्यक जाचवुझ गरि मनासिव देखिएमा उपभोक्ता समितिको दर्ता खारेज गर्न सक्ने छ।

(२) दर्ता खारेज भएको उपभोक्ता समितिको लगत कट्टी गरि विवरण अध्यावधिक र अविलेखिकरण गर्ने गराउने जिम्मेवारी दर्ता अधिकारीको हुने छ।

(३)माथि जुनसुकै कुरा लेखेको भएता पनि उपभोक्ता समितिबाट सञ्चालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरी प्रति सम्बन्धित उपभोक्ता समितिको जबाफदेहिता र दायित्व भने समाप्त हुने छैन ।

७.उपभोक्ता समितिको सुचीकरण गर्नेः

दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुन आएका उपभोक्ता  समितिहरुको लगत अनुसूची-४  को ढाँचामा राख्नुपर्नेछ ।

८.उपभोक्ता समितिको अनुगमन नियमन सम्बन्धी व्यवस्थाः

(१) नगरपालिका वा वडा कार्यालयहरुले  नियमानुसार उपभोक्ता समितिको अनुगमन नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागिआदेश दिन सक्नेछ ।

९.अन्य संस्थाबाट समेत कार्य गराउन सकिनेः

(१) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरु सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरु, जल उपभोक्ता संस्था, आमा समुह, कृषक समूह लगायतका कानून बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ संस्था वा समितिहरु जस्ता संस्थाहरुलाई आफ्नो विषयक्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

१०.जिम्मेवारी र अभिलेख हस्तान्तरणः

(१) उपभोक्ता समिति पुनगर्ठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण माइन्युट लगायतका अभिलेख पुनर्गठित समितिलाई हस्तान्तरण गर्नु पर्नेछ । आयोजना सम्पन्न सार्वजनिक निर्माणसंग सम्बन्धित कागजात नगरपालिकामा बुझाउनु पर्नेछ ।

११. कार्यविधिमा संशोधनः

यस कार्यविधिमा नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउन सक्नेः

यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

१३. बचाउ र लागु हुनेः

(१) यस कार्यविधि भन्दा अगाडि स्वीकृत भै कार्यन्वयनमा रहेको कृष्णपुर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धि कार्यविधि २०७४ अनुसार भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ तथा प्रचलित अन्य कानून बमोजिम दर्ता भएका उपभोक्ता समितिहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ ।

(२) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरू कृष्णपुर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धि कार्यविधि २०७४ तथा अन्य प्रचलित कानून अनुसार हुने छ ।

(३) यस कार्यविधिमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची-१

दफा ३(१) र ५ (५ )संग सम्बन्धित

श्रीमान् दर्ता अधिकारीज्यू
कृष्णपुर नगरपालिका,गुलरिया ,कंचनपुर मिति-
वा........वडा कार्यालय,कृष्णपुर नगरपालिका

विषय- उपभोक्ता समिति दर्ता /नबिकरण गरी पाउँ ।

प्रस्तुत विषय सम्बन्धमा कृष्णपुर नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धि कार्यविधि,२०८३ अनुसार हुनेगरी गठन भएको तपसिल बमोजिमको उपभोक्ता समितिलाई नियमानुसार दर्ता/नबिकरणको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिल

उपभोक्ता समितिको नाम-

ठेगाना-

अध्यक्षको नाम-

अध्यक्षको सम्पर्क नं-

संलग्न कागजातहरु-

१. दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,

२. बडाका जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा बसेको आमभेलाको निर्णय प्रतिलिपि,

३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,

४. अनुसुची-४ बमोजिमको ढाँचामा दुई प्रति विधान,

५. उपभोक्ता समितिको नामावली उल्लेख भएको सम्बन्धित वडाको सिफारीस।

निवेदक
नाम-
पद
हस्ताक्षर
छाप-

अनुसूची-२

दफा ३(२ ) र ५(६ ) संग सम्बन्धित

उपभोक्ता समिति दर्ता प्रमाणपत्र

कृष्णपुर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय ,

गुलरिया ,कंचनपुर

दर्ता नं. मितिः

श्री ...............................उपभोक्ता समिति,
कृष्णपुर नगरपालिका वडा नं......,टोल......... ।

यस नगरपालिकाको मिति .......................को निर्णयानुसार कृष्णपुर नगरपालिका उपभोक्ता समिति दर्ता,नवीकरण ,नियमन एवम् खारेजी सम्बन्धी कार्यविधि,२०८३ बमोजिम कार्य संचालन गर्ने उपभोक्ता समिति दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता अधिकारी
नाम .........................
पद/तह ................
हस्ताक्षर ................

नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण कायम अवधि | | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

पुनश्च : हरेक आर्थिक बर्षको प्रथम त्रैमासिक अवधि भित्र नवीकरण गरि सक्नु पर्ने छ, अन्यथा नियमानुसार जरिवाना लाग्ने छ ।

अनुसूची-३

दफा ३(१)(च) र ५(५) (ख) संग सम्बन्धित

| दर्ता दस्तुर | बार्षिक नवीकरण दस्तुर | बार्षिक बिलम्ब दस्तुर |
|---|---|---|
| रु २००/- | रु १००/- | प्रति बर्षको रु १००/- का दरले |

अनुसूची-४

दफा ७ संग सम्बन्धित

## उपभोक्ता समितिको सूचिकरण दर्ता किताव

वडा नम्वर : टोल :

| दर्ता न | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिको दर्ता मिति | उपभोक्ता समितिको पदाधिकारीहरुको नाम र सम्पर्क नम्बरहरु | नवीकरण मिति | बैंकको नाम र खाता नम्वर | संचालन गरेका आयोजनाहरु को विवरण(विषय क्षेत्र समेत) |
|---|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष: | | | |
| | | | सचिव : | | | |
| | | | कोषाध्यक्ष : | | | |
| २ | | | अध्यक्ष: | | | |
| | | | सचिव : | | | |
| | | | कोषाध्यक्ष : | | | |
| ३ | | | अध्यक्ष: | | | |
| | | | सचिव : | | | |
| | | | कोषाध्यक्ष : | | | |
| ४ | | | अध्यक्ष: | | | |
| | | | सचिव : | | | |
| | | | कोषाध्यक्ष : | | | |
| ५ | | | अध्यक्ष: | | | |
| | | | सचिव : | | | |
| | | | कोषाध्यक्ष : | | | |

अनुसूची-५

..........................................................उपभोक्ता समितिको विधान

प्रस्तावनाः स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरुलाई अधिकतम परिचालन बाट रोजगारी सिर्जना, सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा वस्तीको समग्र विकास मार्फत गाउँको विकासमा ठोस योगदान पुर्याउने उदेश्यले उपभोक्ता समिति गठन गरी परिचालन यस गर्न यो विधान बनाइएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो उपभोक्ता समितिको नाम ....................................................हुनेछ ।

(२) यो विधान उपभोक्ताहरुको आम भेलाबाट अनुमोदन भई नगरपालिका कार्यालयको दर्ता अधिकारी बाट स्वीकृती भएको मितिदेखि लागू हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा-

(क) "समिति" भन्नाले .............उपभोक्ता समितिलाई सम्झनुपर्छ।

(ख) "विधान" भन्नाले ............उपभोक्ता समितिको विधानलाई सम्झनुपर्छ ।

(ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरुको भेलालाई सम्झनुपर्छ ।

(घ) "कार्यसमिति" भन्नाले कुनै पनि योजना संचालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनुपर्छ

(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्छ ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ ।

३. संगठित संस्था हुनेः

(१) यो समिति संगठित संस्था हुनेछ।

(२) समितिको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(३) समितिले चल अचल सम्पति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्ने पाउने छैन । समिति बिघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

४. उपभोक्ता समितिका उद्देश्यहरुः

समितिका उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गराउने।

(ख) आयोजनाको कार्यान्वयन र प्राप्त प्रतिफलसम्म लाभग्राहीहरुको समतामूलक पहुँच स्थापित गर्ने।

५.उपभोक्ता समितिको काम**,** कर्तव्य र अधिकारः

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,

ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

ग) तथा उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन बाडफाँड गर्ने,

घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयबाट स्वीकृति लिने,

ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने ।

च) आयोजना सम्पन्न पश्चात तोकिएको ढाँचाका कागजातहरु सहित समयमै फरफारकका लागि कार्यालयमा पेश गर्ने।

६. खाता सञ्चालनः

(१) उपभोक्ता समितिको खाता तोकीएको बैंक खोलिनेछ ।

२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट संचालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला सञ्चालन हुनेछ ।

७. कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरु लागू गर्ने, गराउने ।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(५) विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख)** उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा बिधान बमोजिम बैठक बोलाउने ।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने।

(४) तोकिएका अन्य कार्यहरु गर्ने ।

(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

८.आमभेलाको काम, कर्तव्य र अधिकारः

आमभेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख)कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने ।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

९. आर्थिक व्यवस्थापनः

समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ ।

(क)नगरपालिकाबाट प्राप्त अनुदान ।

(ख) जनश्रमदानवाट प्राप्त हुने आम्दानी ।

(ग) संघ संस्थावाट नगद, जिन्सी तथा अन्य आम्दानी ।

(घ) उपभोक्ता सामितिबाट आयोजना/परियोजना/कार्यक्रम/योजना/क्रियाकलापमा गरिने लागत साझेदारीको रकम ।

१०. कार्यसमितिका पदाधिकारीको राजिनामाः

(१) समितिका सदस्यहरुले आफ्नो  पदबाट राजिनामा दिन परेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(२) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समितिको बैठकमा पेग गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ ।

११. विविधः

(१) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आमभेलामा पेश गर्नुपर्नेछ । आमभेलामा उपस्थित सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ ।

(२) यो विधान प्रचलित ऐन, नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

हामि ..............................उपभोक्ता समिती का पदाधिकारीहरु र सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौ।

| क्र. सं. | पद | पदाधिकारीहरु को नाम,थर | हस्ताक्षर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

रोहवर

| क्र. सं. | पद | पदाधिकारीहरु को नाम,थर | हस्ताक्षर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | | | | |
| २ | वडा सदस्य | | | | |

कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको बैठकबाट मिति २०८३ /०६ /०९ गते पारित यो कार्यविधि कृष्णपुर नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन,२०७४ को नियम ४ वमोजिम प्रमाणीकरण गर्दछु।

====================

सुर्य सुब्बा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः- २०८३/०६ /०९